अविलम्व प्रेषणका लागि

# विश्व बैंक

**नेपाल सम्बन्धी विश्व बैंकको बैठक**

## सुधार कार्यान्वयन गर्ने प्रतिबद्धता तथा क्षमतामाथि सहायता निर्भर रहने

**वाशिङ्गटन डि.सी., २०६२ फागुन २५ गते ।** विश्व बैंकले विकासमा सहकार्यरत अन्य साझेदारहरुसंगको समन्वयमा नेपालमा विकसित नयां परिस्थितिका बारेमा सुक्ष्म रुपमा अनुगमन गरिरहेको छ ।

बैंकका कार्यकारी निर्देशकहरुको आज वाशिङ्गटन डि.सी.मा सम्पन्न बैठकलाई जानकारी गराउने क्रममा नेपालका लागि विश्व बैंकका आवासीय निर्देशक केन ओहाशीले उक्त कुरा बताउनु भएको हो । सो अवसरमा उहांले परिस्थिति निकै तरल भएकाले चालु परियोजनाहरुलाई निरन्तरता दिने आधारभूत वातावरण कायम रहन्छ कि रहन्न भन्ने बारेमा यकीन गर्न बैंकलाई थप समय आवश्यक भएको विचार पनि प्रकट गर्नुभयो ।

दक्षिण एसियाका लागि विश्व बैंकका उपाध्यक्ष प्रफुल पटेलले विकासकार्यमा सहकार्यरत सबै निकायहरु विच यस चुनौतिपुर्ण समयमा समन्वय कायम रहन अति आवश्यक भएको बताउनु भयो ।

श्री ओहाशीले भविष्यमा नयां सरकारले गरिबी न्युनीकरण रणनीति तथा त्यससंग सम्बन्धित सुधार तथा विकासका कार्यसूचिहरुलाई निरन्तर रुपमा ठोस प्रतिबद्धतासहित कार्यरुपमा अनुवाद गर्न सक्छ कि सक्तैन, बैंकले त्यसलाई नजिकैबाट निहाल्ने जानकारी दिदैं विकासका गतिविधिहरु तथा आधारभूत सेवा जनतामाझ पुऱ्याउने कार्यहरु सरकारले कसरी सम्पादन गर्दछ भन्ने कुरा पनि हेरिने बताउनुभयो । 'यदि प्रतिबद्धता तथा क्षमता दुवै भएमा विश्व बैंकको सहायताको सही उपयोग हुनसक्तछ भन्ने कुरामा विश्वस्त हुनसकिने आधार रहन्छ' भन्दै 'हामीले आगामी १–२ महिनामा सरकारले आफ्ना घोषित प्रतिबद्धताहरु कार्यान्वयन गरेर देखाउने अपेक्षा राखेका छौं' उहांले भन्नुभयो ।

श्री ओहाशीले बैंक व्यवस्थापनले बजेट सहायता कार्यक्रमको दोश्रो किस्तास्वरुप चालु आर्थिक वर्षका लागि प्रदान गर्ने भनिएको प्रस्तावित दोश्रो गरिबी न्युनीकरण रणनीतिक सहायता कार्यक्रमलाई अघि नबढाइने कुरा बैठकलाई अवगत गराउनुभयो । गरिबी न्युनीकरण रणनीतिक सहायता कार्यक्रमलाई बल पुऱ्याउने उद्देश्यबाट आ.व. २००५ मा गर्नुपर्ने सुधारका लक्ष्यहरु पूरा

नभएका र अव उक्त प्रस्तावित कार्यक्रमलाई यस आर्थिक वर्षमा अघि बढाउनका लागि पर्याप्त समय पनि नभएको विचार उहांको थियो । आधारभूत तहका साथै क्षेत्रगत तहका सुधारहरुसंग घनिष्ट सम्बन्ध गांसिएका बैंकका सहायता कार्यक्रमहरु अहिले नेपालको गरिबी न्युनीकरण रणनीति वा दसौं योजनामा घनीभूत रुपमा समायोजित भइसकेका छन् ।

उहांले दोश्रो गरिबी न्युनीकरण रणनीतिक कार्यक्रमको भविष्य आगामी आर्थिक वर्षमा के हुन्छ भन्ने बारेमा पूर्वानुमान नगर्ने बताउंदै तीव्र सुधार, प्रभावकारी कार्यान्वयन र परिवर्तित सुरक्षा स्थितिका साथै आ.व. २००६ मा सार्वजनिक खर्चको प्रवृत्ति कुन रुपमा विकसित हुन्छ भन्ने बारेमा सुक्ष्मतापूर्वक अध्ययन गर्नु जरुरी हुन्छ भन्नुभयो ।

कार्यकारी निर्देशकहरुको बैठकले नेपालको सुरक्षा स्थिति तथा परियोजनाहरुको कार्यान्वयनका बारेमा चासो प्रकट गरेको छ । यसैगरी जनप्रतिनिधिमुलक संयन्त्रको अभावमा व्यापक आधारको सहमतीको निर्माण गरी कठीन प्रकृतिका सुधारहरुलाई निरन्तर रुपमा चालु राख्ने सरकारी क्षमताप्रति पनि बैठकले चासो राखेको छ । नेपालस्थित बैंक व्यवस्थापनबाट अपनाइएको गंभीर अवधारणाप्रति पनि बैंठकको समर्थन रहेको थियो ।

बैठकको चासोलाई व्यवस्थापनबाट आत्मसात गरिनुका साथै बैंकले विकासमा सहकार्यरत अन्य साझेदारहरुसंग निरन्तर रुपमा परामर्श गरी सुधारको कार्यान्वयनमा सरकारले हासील गरेका प्रगतिको समीक्षा लगायत कानुनी राज्य तथा मानव अधिकारको संरक्षण जस्ता देशका शासकीय आधारहरुसंग सम्बन्धित विषयहरुको अनुगमन गर्ने संकेत समेत दिएको छ ।

*नेपालमा विश्व बैंकका कार्यक्रम तथा गतिविधिहरुका बारेमा थप जानकारीका लागि:*
*http://www.worldbank.org/np*
*http://www.biswabank.org/np*